# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७६/०५/२३

पत्र संख्याः२०७६/०७७

चलानी नम्बर ...............

आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठविसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**(दोस्रो पटक प्रकाशित मितिः-२०७६/०५/२३ गते)**

यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यहरु परामर्श सेवा मार्फत सम्पादन गर्नुपर्ने भएकोले सोको लागि इच्छुक व्यक्ति, फर्म वा संस्थाहरुले तपसिल बमोजिम यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस नगरपालिका कार्यालयमा प्रस्ताव पेश गर्नु हुन अनुरोध छ ।

| क्र.स. | परामर्श सेवाको विवरण | प्रस्ताव पेश तथा दर्ता गर्ने अन्तिम मिति र स्थान | प्रस्ताव पेश गर्न लाग्ने शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | आठविसकोट नगरपालिकाको उद्योग ग्राम स्थापनाको लागि सम्भाव्यता अध्ययन सहित विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने । | सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) औं दिनसम्म कार्यालय समयमा नगरपालिका कार्यालयमा | रु. ३००० (तीन हजार) | |

<u>तपसिल</u>

१. इच्छुक व्यक्ति, फर्म वा संस्थाहरु यस नगरपालिकाको कार्यालयमा यही २०७६ भाद्र मसान्तभित्र भित्र सूचीकृत भएको हुनुपर्नेछ ।

२. सूचीकृत भएको प्रमाणपत्र सहित माथि उल्लेखित कार्य गर्नको लागि आवश्यक लागत अनुमान सहितको आर्थिक र प्राविधिक प्रस्ताव सिलवन्दी खामभित्र राखि पेश गर्नुपर्नेछ ।

३. प्रस्तावसँगै व्यवसाय दर्ता प्रमाणपत्र/नविकरण, कर चुक्ता प्रमाणपत्र, कालोसूचीमा नपरेको स्वयम् शुद्धताको घोषणा लगायत कार्य सम्पादन गर्न सक्ने आधार सहितका अन्य प्रस्तावदातासँग सम्बन्धित कागजातहरु पेश गर्नुपर्नेछ ।

४. प्रस्तावको आधारमा माथि उल्लेखित कार्य गर्न एउटै वा छुट्टाछुट्टै प्रस्तावदाताको छनौट गरिनेछ ।

५. फर्म वा कम्पनीको हकमा फर्म वा कम्पनीको विवरण, संगठन र कर्मचारीको विवरण तथा विगत केही वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र विवरण पेश गर्नु पर्नेछ ।

६. माथि उल्लेखित कार्यहरु सम्झौता भएको मितिले कार्य शर्तगत विवरण (TOR) मा उल्लेखित अवधिभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७६/०५/२३

पत्र संख्याः२०७६/०७७

चलानी नम्बर ...............

आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठविसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

७. प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उल्लेख भए अनुसार तोकिएको अवधिभित्र रितपूर्वक दरखास्त परेका प्रस्तावहरुको आर्थिक तथा प्राविधिक पक्षको मूल्यांकन गरिनेछ ।

८. म्याद नाघि प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन् । प्रस्ताव पेश गर्ने दिनमा सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र प्रस्ताव पेश गर्न सकिनेछ ।

९. यसमा लेखिए बाहेकका अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन नियम तथा आर्थिक कार्यविधि ऐन तथा नियम बमोजिम हुनेछन् ।

१०. थप जानकारीको लागि नगरपालिकाको वेभसाईट www.aathbiskotmun.gov.np मा हेर्न सकिनेछ वा मोवाईल नं. ९७४१३८९९६१ र ९७४८५८३१३८ मा सम्पर्क गर्न सकिनेछ ।

रामबहादुर के.सी.

नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत